जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
प्रदेश नं. २ , नेपाल

**विज्ञापन करको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/०६/०५

स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम यस उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न शिर्षकहरुबाट आ.व. २०७८/०७९ को ठेक्का बढाबढको माध्यमबाट आ.व. २०७८।०७९ शुल्क दस्तुर उठाउनु पर्ने भएकोले इच्छुक स्थायी लेखा नम्बर (प्यान) प्राप्त गरेका वा मूल्य अभिबृद्धि करको दायरामा समेटिएका नेपाली नागरिकको फर्म वा कम्पनीहरुबाट फर्मको नविकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व. २०७७/०७८ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपीहरुका साथै निम्न शर्तहरुका अधिनमा रही तपसिल बमोजिमको मिति,समय र स्थानमा बोलपत्र खरिद गरी दाखिला गर्न यो सूचना प्रकाशित गरिन्छ ।

| क्र.सं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का रकम | बोलपत्र फारम दस्तुर | धरौटि रकम | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| १. | विज्ञापन कर | रु. ६००००० ।- (६लाख मात्र) | १०००।- | कबोल अंकको ५% मात्र | १५दिन भित्र |

**शर्तहरु :**

१. बोलपत्र फारम जीतपुरसिमराको कार्यालय जीतपुर, बाट पछि फिर्ता नहुने गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको १६ औ दिन १२ :०० बजे भित्र बोलपत्र खरिदकर्ता नेपाली नागरिकले आफूले कबोल गरेको कूल ठेक्का अंकको ५% धरौटी रकम नेपाल बैंक लिमिटेड जीतपुरमा रहेको यस कार्यालयको धरौटी खाता नं.१०००३००००३००००००००१ मा दाखिला गरेको सक्कल भौचर यस कार्यालयको नाममा बैक ग्यरेण्टी जारी जारी संलग्न गरी उ.म.न.पा. को कार्यालय जीतपुर बारामा बोलपत्र पेश गर्न सकिनेछ । धरौटी बापत रकम जम्मा नगरेकालाई मान्यता दिइने छैन । अथवा खरिदकर्ताले यस कार्यालयको नाममा बैंक ग्यारेण्टी जारी गर्न सक्नेछ ।

३. यस कार्यालयमा पर्न आएका बोलपत्रहरु सोही दिनको २ बजे बोलपत्र दाता वा निजहरुको प्रतिनिधिहरुको रोहबारमा खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद दर्ता र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन उक्त कार्यहरु गरिनेछ ।

४. ठेक्का अवधी तीन बर्षको हुनेछ । प्रत्येक वर्ष २० प्रतिशत रकमका दरले सकार गरेको अंकमा बृद्धी हुनेछ ।

५. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको अंक र अक्षर दुवैमा स्पष्ट गरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । आफूले कबोल गरेको रकम अंक मूल्य अभिबृद्धि कर बाहेकको हुनेछ ।

६. बोलपत्र स्वीकृति भए पश्चात्त सूचना पाएको वा टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार आय कर/ मु.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन: बोलपत्र आव्हान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. बोलपत्रदाताले कबोल गरेको कूल रकम २ किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता आफुले कबोल गरेको कूल ठेक्का रकमको ५० प्रतिशत रकम बुझाएर मात्र सम्झौता हुनेछ । दोश्रो किस्ता प्रत्येक आ.व.को चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ ।

८. सम्झौताको समयमा ठेक्कामा उल्लेख भए अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा ठेक्का अंकको १०% रकम छुट दिईनेछ ।

९. ठेक्काको सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउन बाँकी रकमको यस कार्यालयको नाममा बोलपत्रदाताको तर्फबाट मात्र जारी गरिएको बैंक जमानत(परफरमेन्स बण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलान पूर्जि दिईनेछ ।

१०. बोलपत्रदाताले नियमानुसारको आयकर तथा मूल्य अभिबृद्धि कर आफैले आन्तरिक राजश्व कार्यालयमा बुझाउँनु पर्ने छ । सो बाहेक पनि नेपाल सरकार वा स्थानिय निकायलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंमले सम्बन्धित कार्यालयमा बुझाउनु पर्ने छ । ठेक्का रकमबाट कटाउन पाईने छैन ।

११. नेपाल सरकार वा यस कार्यालयबाट समय समयमा दिईने नीति, निर्देशन तथा आदेशको पालना गर्ने ठेक्केदारको कर्तव्य हुनेछ ।

१२. बन्द, हडताल, चक्काजाम लगायत अन्य मानव सृजित कारणबाट सृजना हुने अवस्थाका कारण कर छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन । साथै कर छुट वा मिनाहा पाईने छैन ।

१३. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा-छुट्टै ३/३ प्रति रसिद ठेक्केदारले आफ्नै तर्फबाट छपाई कार्यालय प्रमुखबाट प्रमाणित गराई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं. अभिलेख गराई मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

१४. कुनै कारण जनाई वा निजलाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस उ.म.न.पा. मा सुरक्षित रहनेछ । शर्त सहितको बढाबढलाई बदर मानिनेछ ।

१५. सम्झौता र चलान पूर्जिमा उल्लेख भएका माल बस्तु र दर रेटको प्रतिकूल हुने गरी कर दस्तुर शुल्क लिन पाईने छैन । बढी लिएको प्रमाण पेश हुन आएमा तोकिएको दरमा चार गुणा जरिवाना गरिनेछ ।

१६. सम्मानित अदालत, नेपाल सरकार, उ.म.न.पा. को निर्देशन पालना गर्नु गराउनु र लागू गर्नु बोलपत्रदाताको कर्तव्य एवं दायित्व हुनेछ । नीति, निर्देशन वा आदेशको पालनाको कारण बाट कुनै क्षति, हानी, नोक्सानी हुन गएमा क्षतिपूर्तिको दावी ठेकेदारले उ.म.न.पा. सँग दावी गर्न पाउने छैन ।

१७. यसमा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवं अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१८. बोलपत्र सम्बन्धि दररेट अन्य शर्त तथा विस्तृत जानकारीको लागी कार्यालयको सूचना पाटीमा हेर्न वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व व्यवस्थापन शाखामा सम्पर्क राख्न सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

१९. यस उपमहानगरपालिकाको आ.व. २०७७/७८ सम्मको आार्थिक दायीत्व तथा बाँकी बक्यौता भूक्तानी गरेको हुनु पर्नेछ ।